# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०२।१४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

------------------------------------------------

काँडा भवानी माध्यमिक विद्यालय, काँडा, बाजुरामा कार्यरत शिक्षक भक्त बहादुर सिंहले शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली बनाई पेश गरी कार्यरत रहेकोले कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षक भक्त बहादुर सिंहले माध्यमिक विद्यालय तृतीय श्रेणी सट्टा शिक्षक सेवामा प्रवेश गर्न र सेवामा बहाल रहने प्रयोजनका लागि दीन दयाल उपाध्याय गोरखपुर विश्वविद्यालय, गोरखपुर, उत्तर प्रदेश, भारतबाट प्राप्त स्नातक तह उत्तीर्ण भएको नक्कली झुट्टा शैक्षिक प्रमाणपत्र पेश गरी सार्वजनिक पद धारण गरी लाभ लिएको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज भक्त बहादुर सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता